**आज मिति २०८१ असोज महिनाको १० गते नेपाल सम्वत ११४४ ञलागा नवमी विहिवारको दिन विहान ११ बजे पालुङ्टार नगरपालिकाका नगरप्रमुख श्री बिवस चिन्तन ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थिति निम्न निर्णय भई सम्पन्न भयो ।**

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङ्टार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङ्टार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङ्टार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङ्टार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङ्टार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङ्टार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङ्टार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङ्टार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङ्टार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङ्टार ८ गोरखा | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | गौतम भण्डारी | सदस्य सचिव | गो न पा १४, गोरखा | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | गोरखा | |
| २ | राम जनम चौधरी | योजना शाखा | कैलाली | |

Scanned with CamScanner

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

बैठक नं : ९०

मितिः २०८१/०६/१०

ने.स ११४४ ञल्लागा नवमी, विहीबार

**कार्यपालिका बैठकका प्रस्तावहरु**

१. समिक्षा
२. नगर अनुदानमा सहयोगि शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ पारित गर्ने सम्वन्धमा।
३. खेलकुद तथा संगीत प्रशिक्षक छनोट तथा परिचालन कार्यविधि, २०८१ पारित गर्ने सम्वन्धमा।
४. उपभोक्ता समिति गठन तथा योजना कार्यान्वयन गर्ने सम्वन्धमा।
५. विपद् र मर्मतका योजना संचालन गर्दा जनश्रमदान अनिवार्य नगर्ने सम्वन्धमा।
६. भरतपुर महानगरपालिका, चितवनसँग भगिनी सम्वन्ध कायम गर्ने सम्वन्धमा।
७. विविध

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## निर्णयहरु

१. प्रस्ताव नं १ मा छलफल गर्दा यस नगरपालिका नगर कार्यापालिकको भाद्र् महिनामा भएको निर्णयको कार्यान्वयनको अवस्था तथा सो बैठक पछि हालसम्म नगरपालिकाको कार्यालय तथा वडा कार्यालयले गरेको कार्यहरुको बारेमा छलफल भयो ।

२. प्रस्ताव नं २ मा छलफल गर्दा यस पालुङटार नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा विद्यार्थी संस्थाको अनुपातमा तथा विषयगत संख्याको आधारमा नेपाल सरकारबाट उपलब्ध गराएका शिक्षक दरबन्दी कम भएका विद्यालयमा र विद्यालयमा कार्यरत महिना शिक्षकहरु प्रसुती हुँदाका बखत प्रसुती हुनु अघि वा पछि विदा बसेको अवस्थामा पठनपाठन सुचारु गर्न नगर सभाबाट स्वीकृत बजेटमा करारमा सहयोगी शिक्षक छनौट तथा परिचालन कार्यलाई व्यवस्थित गर्न पालुङटार नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगर कार्यपालिकाले नगर अनुदानमा सहयोगि शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ कार्यविधि पारित गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ मा छलफल गर्दा खेलकुदको माध्यमबाट विद्यालय स्तरदेखि नै विद्यार्थीको शारीरिक तथा मानसिक विकास गरी खेलकुद तथा संगीत प्रति आकर्षित गर्दै सक्षम प्रति आकर्षित गर्दै सक्षम, अनुशासित, उच्च क्षमतावान तथा योग्य जनशक्ति तयार गर्नको लागि खेलकुद तथा संगीत सम्बन्धी स्थानीय स्तरमा तालिम सञ्चालन गरी सबै किसिमको खेदकुद तया संगीत आयोजना गर्न तथा अन्तर स्थानीय तह स्तर, जिल्ला स्तर, प्रदेश स्तर, राष्ट्रिय स्तर एवं राष्ट्रपति रनिङ शिल्डहरुमा हुने विभिन्न खेलकुद तथा संगीत प्रतियोगिताहरुमा विद्यार्थीहरुले उपयुक्त सहभागीता गराउने उद्देश्यले प्रशिक्षक छनौट तथा परिचालन कार्यलाई व्यवस्थित गर्न पालुङटार नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग खेलकुद तथा संगीत प्रशिक्षक छनोट तथा परिचालन कार्यविधि, २०८१ कार्यविधि पारित गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ मा छलफल गर्दा यस नगरपालिकाको आर्थिक बर्ष २०८१-८२ को सम्पुर्ण योजना तथा कार्याक्रमको कार्यान्वयन शुरुवात गर्ने निर्णय गरियो । योजनाहरु कार्यान्वयन गर्दा उपभोक्ता समितिबाट हुने योजनाहरुलाई जनप्रतिनिधि वा कर्मचारीको रोहवरमा समिति गठन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत कार्यान्वयन हुने विपद् र मर्मत सम्भारका योजनाहरुमा अन्य योजनाहरु जस्तै २० प्रतिशत जनश्रमदान लगाउदै आएकोमा सो श्रमदान हटाउने निर्णय गरियो ।

Scanned with CamScanner

६. प्रस्ताव नं ६ मा छलफल गर्दा यस नगरपालिका र भरतपुर महानगरपालिका चितवन विच भगिनी सम्वन्ध कायम गर्ने निर्णय गरियो। नगर विकासका लागि भरतपुर महानगरपालिकासँग सहकार्य गर्दै दुई पालिकाको विचको सम्वन्धलाई थप बलियो बनाउदै जाने निर्णय गरियो। साथै अन्य निकायहरु सँग पनि सम्वन्ध विस्तार गर्दै जाने निर्णय गरियो।

७. प्रस्ताव नं ७ मा छलफल गर्दा यस नगरपालिकाको मिति २०८१-०४-३० गते बसेको ८८ औ कार्यापालिकाले निर्णय गरे बमोजिम मिति २०८१-०६-१७ देखि मिति २०८१-०६-२१ गते सम्म गरिने भनिएको प्रथम लिगलिग महोत्सव तथा १२ औ सस्करणको लिगलिगे दौड प्रतियोगिता कार्याक्रम हालका लागि स्थगन गर्ने निर्णय गरियो। साथै उपयुक्त समयमा पछि सो कार्यक्रम गर्ने निर्णय गरियो। साथै ११ औ सस्करण सम्म लिगलिग दौड तथा साईकल दौड लगायतका कार्यक्रम संचालन गर्दै आएको संस्थासँग सोको आम्दानी र खर्चको विवरण, लेखा परिक्षणको प्रतिवेदन लगायतको विवरण माग गर्ने समेत निर्णय गरियो।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

Scanned with CamScanner